मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नगर कार्यपालिका बैठक
मिति : २०७७ फागुन १२ गते बुधवार

प्रस्तावहरु:

१. मेलम्ची नगरपालिकाको विपद जोखिम न्यूनिकरण रणनैतिक कार्ययोजना निर्माण सम्वन्धमा ।
२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधी, २०७७ अभिमुखीकरण सम्वन्धमा ।
३. मे.न.पा.९ स्थित "गुण्डा खोल्ची फट्के पुल मर्मत" योजनाको नाम परिवर्तन गरी "काफ्लेखोला फाँट सिंचाइ" योजना राख्ने सम्वन्धमा।
४. विविध ।

निर्णय:

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय र DFID (FCDO) को आर्थिक सहयोगमा Oxford Policy Management ले Policy and Institutions Facility (PIF) अन्तर्गत स्थानीय तहहरूको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन रणनैतिक कार्ययोजना (Disaster Risk Reduction & Management Strategic Action Plan) तयार गर्ने क्रममा नमूनाको रुपमा मेलम्ची नगरपालिकाको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन रणनैतिक कार्ययोजना निर्माण निर्माण गर्ने भएको हुँदा सो कार्यको सहजीकरणको लागि देहाय बमोजिमको सहजीकरण कार्यदल गठन गर्ने निर्णय गरियो।
   क. इन्जिनियर श्री जीतबहादुर कार्की, वातावरण तथा विपद व्यवस्थापन शाखा - संयोजक
   ख. जनस्वास्थ्य अधिकृत श्री भोजराज खनाल जनस्वास्थ्य शाखा - सदस्य
   ग. इन्जिनियर श्री अर्जुन अर्याल, पूर्वाधार विकास शाखा- सदस्य
   घ. अधिकृत छैटौं श्री रामकुमार केसी, योजना शाखा- सदस्य
   ङ. नासु राश्री राजेन्द्र दुलाल राजश्व शाखा- सदस्य
२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Governant Institutional Capacity Self-Assessment- LISA) कार्यविधि, २०७७ सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट कार्यपालिका सदस्यहरु तथा शाखा प्रमुखहरुलाई अभिमुखीकरण गर्ने कार्य सम्पन्न भयो । कार्यविधि बमोजिम मेलम्ची नगरपालिकाको स्वमूल्याङ्कन कार्य अगाडि बढाउने र सो कार्यको लागि शिक्षा अधिकृत श्री सुधिनराज बुढाथोकीलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो।
३. मलम्ची नगरपालिका ९ नं. वडा कार्यालयको सिफारिश अनुसार मे.न.पा.९ स्थित "गुण्डा खोल्ची फट्के पुल मर्मत" योजनाको नाम परिवर्तन गरी "काफ्लेखोला फाँट सिंचाइ" योजना राख्ने ।
४. नगरपालिकाका वडा कार्यालयहरु, विभिन्न व्यक्ति तथा संस्थाहरुबाट योजना/कार्यक्रम माग गरी पेश भएका विषयमा आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

२०७७/११/१२